# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन ११ गते २०२२ साल

### नेपाल लोकसेवा आयोगको

### सूचना नं, ३९

नेपाल प्रशासन सेवा, न्याय सेवा तथा लेखापरीक्षण सेवाको ननगजेटेड प्रथमश्रेणी (ना. सु) पदमा बढुवाको लागि योग्यता जाँच्ने ०२२–२३ को प्रथम समूहको लिखित परीक्षा निम्नलिखित परीक्षाकेन्द्र कायम गरी लिइने प्रबन्ध भएको छ। ननगजेटेड द्वितीयश्रेणीका पदमा २ वर्षको अटूट स्थायी नोकरी अवधि बिताई सकेका सम्बन्धित सेवाका कर्मचारीहरूले सम्बन्धित सेवामा बढुवा हुनाको लागि यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी लिखितपरीक्षा दस्तूरसहित निम्नलिखित मितिसम्ममा सम्बन्धित विभागीय प्रमुख या मूल अड्डा प्रमुख मार्फत तोकिएको समयभित्र यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउनु पर्छ। दरखास्त दिंदा माथि तोकिएको स्थायी नोकरी अवधि बिताइसकेको भन्ने सम्बन्धित मन्त्रालय, विभाग तथा अफिसका प्रमुखले यति वर्ष स्थायी नोकरी गरिसकेको र हालको पदमा एक तह मुनि यति वर्षदेखि बहाल रहेको प्रमाणित गरिदिएको सिफारिशसमेत दरखास्तसाथ पेश गर्नुपर्छ। नोकरी अवधि नपुगेको, परीक्षा-दस्तूर नभएको, म्याद नाघी दाखिल भएको तथा नोकरीको प्रमाणित गरेको विभागीय सिफारिशपत्र नभएको दरखास्तउपर कुनै कारवाइ हुने छैन। यो परीक्षामा एक पटक सफल भएपछि बढुवाको लागि अर्को परीक्षा दिन नपर्ने भएकोले सो पनि जानकारीको निमित्त बोध गराइएको छ।



अधिकारिकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त फाराम र पाठ्यक्रमको मूल्य क्रमशः रु. ।२५ र ।५० पैसा राखिएकोले उक्त मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । सो झिकाउँदा रजिष्टर गरी पठाउन चाहिने टिकट खर्चसमेत संलग्न हुनुपर्छ ।

तपसील

| परीक्षाकेन्द्रको अञ्चल । | परीक्षा हुने स्थान । |
|---|---|
| १) कोशी अञ्चल । | धनकुटा |
| २) नारायणी अञ्चल । | वीरगञ्ज |
| ३) लुम्बिनी अञ्चल । | पाल्पा । |
| ४) राप्ती अञ्चल । | दांङ । |
| ५) सेती अञ्चल । | धनगढी । |
| ६) सगरमाथा अञ्चल । | राजविराज । |
| ७) भेरी अञ्चल । | नेपालगञ्ज । |
| ८) धवलागिरी अञ्चल । | बागलुंग । |

विवरण

(१) आवश्यक नोकरीः– नन्‌गजेटेड द्वितीय श्रेणी (खरीदार वा सो सरह) को पदमा पूरा २ वर्षको अटूट स्थायी नोकरी अवधि बिताइसकेको हुनुपर्दछ ।

(२) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः–२०२२।७।१५।१ सम्ममा ।

(३) सम्पर्क मितिः–२०२२।७।२९।१ का दिन ३ बजे सम्बन्धित परीक्षाकेन्द्रमा ।

(४) परीक्षा दस्तूरः–नगद रू. १०।– दश रुपैयां ।

परीक्षाः– परीक्षाकोस्तर साधारणतया विश्वविद्यालयको इण्टरमिडियट परीक्षा सरह हुने छ । उक्त परीक्षामा अनिवार्य ४ पत्र र इच्छाधीन विषय २ पत्रको हुनेछ । परीक्षामा निम्नलिखित विषयहरू रहने छन् :–

| क. अनिवार्य विषयः– | | पूर्णाङ्क |
|---|---|---|
| (१) प्रथमपत्रः– निबन्ध | | १०० |
| (२) द्वितीयपत्रः– नेपालको इतिहास र भूगोल | | १०० |
| (अ) नेपालको इतिहास | ५० | |
| (आ) नेपालको भूगोल | ५० | |
| (३) तृतीयपत्रः– साधारण ज्ञान | | १०० |
| (४) चतुर्थपत्रः– ऐन स्रेस्ता | | १०० |
| (अ) ऐन | ६० | |
| (आ) स्रेस्ता | ४० | |

ख. इच्छाधीन विषय, तल दिइएका कुनै दुईवटा मात्रः–

(१) वर्तमानसंसार । (२) ऐन स्रेस्ता ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) विभागीय काम ( यसमा उम्मेदवारले काम गरिरहेको विषयमा ६० र अरुमा ४० नम्बर दिइने छ ।

(४) गणित वा अङ्कगणित । (५) अंग्रेजी )।

(६) संस्कृत ।

अनिवार्य तथा इच्छाधीन विषयहरू दुवैको पूर्णाक १०० र समय २।३० अढाईघण्टाको १ पत्र हुने छ । उक्त परीक्षा आउँदो मार्ग महीनाको पहिलो हप्तातिर हुने छ । परीक्षाको कार्यक्रम गोरखापत्रमा र सम्पर्कका दिन सम्बन्धित परीक्षाकेन्द्रहरूमा प्रकाश गराइने छ । परीक्षाको निमित्त प्रवेशपत्र सम्पर्क मितिभन्दा अगावै आयोगबाट उम्मेदवारको हालको ठेगानामा पठाइने छ ।

आज्ञाले–
भुवनमान सिंह,
निमित्त सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।